नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, नुवाकोट
(कार्यक्षेत्र: नुवाकोट र रसुवा जिल्ला)

फोन नं.: ०१०-५६०२१६, ०१०-५६
इमेल : pmamp.piu.nuwakot@gmail.com
वेबसाइट: www.piunuwakot.pmamp.gov.np

प.सं.- २०८२/८३
सू.नं.- ०६

सूचना प्रकाशित मितिः- २०८२/०५/१८

## कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ नुवाकोटको चालु आ.व. ०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिल बमिजिमको कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८२** बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१औं दिन भित्र अर्थात् (मिति २०८२/०६/०७ गते भित्र) यस कार्यक्रम कार्यान्वयन एकाइ मा अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची-३ अनुसारको ढाँचामा कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

| कार्यक्रमको नाम | लक्षित लाभग्राही | सञ्चालन हुने क्षेत्र | अनुदान रकम तथा भुक्तानी प्रकिया |
|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यकम | कृषि उद्यमी वा १६ देखि ४० वर्ष उमेर समूहभित्रका युवा कृषक | नुवाकोट र रसुवा जिल्लाभरी | प्रस्तावको कूल लागतको बढीमा ५० प्रतिशत वा चार लाख रुपैंयाँ मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैंक खातामा भुक्तानी गरिने। |

### कार्यक्रम सञ्चालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु

| | |
|---|---|
| १.तरकारीको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण । | ६.प्राङ्गारिक, गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण। |
| २.दुग्धजन्य बस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात | ७. बागबानी नर्सरी स्थापना तथा विकास पुष्प व्यवसाय टिस्यु कल्चर प्रविधिबाट बीउ र बिरुवा उत्पादन गर्ने व्यवसाय । |
| ३.अदुवा, बेसार लगायतका मसलाबालीको प्रशोधन तथा बजारीकरण। | ८.ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन प्रशोधन र भण्डारण |
| ४.मौरीपालन व्यवसाय र मह प्रशोधन । | ९.व्यवसायिक पशुपन्छी तथा मत्स्य पालन उत्पादन र प्रशोधन । |
| ५.जौ, फापर, सिलाम, कोदो चिनो, कागुनो, लगायत रैथाने बालीको उत्पादन, प्रशोधन तथा बजारीकरण । | १०.जैविक विषादी, प्राङ्गारिक विषादी, वनस्पतिजन्य विषादी उत्पादन, प्रशोधन तथा बजारीकरण । |

### निवेदन साथ संलग्न कागजातहरु

१. कार्यक्रम सञ्चालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।
२. निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतितिपि।।
३. कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसँग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि।।
४. उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८१/८२ सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोबार सम्बन्धी अन्य कागजातहरु।
५. स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि ।
६. समुह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित समुह/सहकारी संस्थाको सिफारिस पत्र।

**विस्तृत जानकारीको लागि सम्पर्क नं.**

कार्यक्रम कार्यान्वयन एकाइ, नुवाकोट, ०१०५६०२१६, जोन प्राविधिक एकाइ, रसुवा ०१०५४००६३ र जोन सम्पर्क कार्यालय लिखु-६ ९८४३४७९५२२

अनुसूची २ र ३ को ढाँचा कार्यक्रम कार्यान्वयन एकाइ, नुवाकोट को वेवसाइट www.piunuwakot.pmamp.gov.np *बाट प्राप्त गर्न सकिनेछ।*



रविन्द्र पौडेल
कृषि अधिकृत